# स्थानीय राजपत्र

**हरिनास गाउँपालिकाद्वारा प्रकाशित**

**खण्ड : ५ चित्रेभञ्ज्याङ, स्याङ्गजा, साउन १७ गते, २०७८ संख्या : २**


## भाग २

**स्थानीय सरकार**
**हरिनास गाउँपालिका**
**चित्रेभञ्याङ्ग, स्याङ्गजा गण्डकी प्रदेश, नेपाल**

**हरिनास गाउँपालिकाद्वारा सर्वसाधारणको लागि प्रकाशित सूचना ।**

**हरिनास गाउँकार्यपालिकाले बनाएको स्थानीय निजामती सेवा पुरस्कार सम्बन्धी कार्यविधि, २०७८ तल लेखिए बमोजिमको नियमावलीहरु सर्वसाधरणको जानकारीको लागि प्रकाशन गरिएको छ।**

## स्थानीय निजामती सेवा पुरस्कार सम्बन्धी कार्यविधि, २०७८

**प्रस्तावनाः** राष्ट्रसेवक कर्मचारीको मनोवल उच्च बनाई गुणस्तरीय सेवा प्रवाह र विकास निर्माणका कार्यमा प्रभावकारीता ल्याउन स्थानीय निजामती सेवा पुरस्कारको व्यवस्था गर्न वाञ्छनीय भएकोले, स्थानीय शासन संचालन ऐन २०७४ को दफा १०२ बमोजिम यो कार्यविधि बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस कार्यविधिको नाम “स्थानीय निजामती सेवा पुरस्कार सम्बन्धी कार्यविधि, २०७८“ रहेको छ ।

(२) यो कार्यविधि तुरुन्त प्रारम्भ हुनेछ ।

२. **परिभाषाः** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा-,

(क) "अध्यक्ष" भन्नाले यस कार्यविधि बमोजिम पुरस्कारका लागि सिफारिस गर्न गठित सिफारिस समितिको अध्यक्षलाई सम्झनु पर्छ ।

(ख) "कार्यालय प्रमुख" भन्नाले हरिनास गाउँपालिका कार्यालयको प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनु पर्छ ।

(ग) "पुरस्कार" भन्नाले दफा ३ बमोजिमको पुरस्कार सम्झनु पर्छ ।

(घ) "समिति" भन्नाले यस कार्यविधिको दफा ६ बमोजिमका समिति सम्झनु पर्छ ।

३. **पुरस्कारको किसिमः** (१) स्थानीय सरकारले स्थानीयतहमा कार्यरत राष्ट्रसेवक कर्मचारीहरूलाई देहाय बमोजिम पुरस्कार प्रदान गर्न सक्नेछः

| क्र.सं. | पुरस्कारको नाम | संख्या | पुरस्कार रकम |
|---|---|---|---|
| १. | सर्वोत्कृष्ट स्थानीय निजामती सेवा पुरस्कार | १ जना | रु. ५०,०००।-, प्रमाण पत्र र सम्मान |
| २. | उत्कृष्ट स्थानीय निजामती सेवा पुरस्कार | ५ जना | रु. १५,०००।-, प्रमाण पत्र र सम्मान |
| ३. | स्थानीय निजामती सेवा पुरस्कार | ५ जना | रु. ५,०००।-, प्रमाण पत्र र सम्मान |

४. **पुरस्कार सिफारिसका आधारः** (१) समितिले देहायको पुरस्कारको लागि सिफारिस गर्दा ज्येष्ठता, भौगोलिक अनुभव, कार्यकुशलता, व्यावसायिकता, नेतृत्वशैली, दक्षता, सृजनशीलता र लगनशीलताका अतिरिक्त देहाय बमोजिमका आधार लिनुपर्नेछः-

(क) सर्वोत्कृष्ट स्थानीय निजामती सेवा पुरस्कारका लागिः-

(१) निजामती सेवाको स्थायी पदमा दश वर्ष वा सो भन्दा बढी अवधि सेवा गरेको,

(२) स्थानीय सरकारको सेवामा १ वर्षभन्दा बढी समयदेखि काम गरेको,

(३) पछिल्लो पाँच वर्षमा कुनै पनि विभागीय सजाय नपाएको,

(४) सम्पत्ति विवरण नियमित रुपमा पेश गरेको,

(५) निजको नाममा व्यक्तिगत बेरुजू नदेखिएको,

(६) पुरस्कारका लागि सिफारिस हुने वर्ष तथा अघिल्लो पूरा वर्षमा अध्ययन विदा र असाधारण विदा नलिएको।

(ख) उत्कृष्ट स्थानीय निजामती सेवा पुरस्कार र स्थानीय निजामती सेवा पुरस्कारका लागिः-

(१) निजामती सेवाको स्थायी पदमा एक वर्ष वा सो भन्दा बढी अवधि सेवा गरेको,

(२) स्थानीय सरकारको सेवामा एक वर्षभन्दा बढी समयदेखि काम गरेको,

(३) कार्यसम्पादन मूल्याङ्कनमा शत प्रतिशत अङ्क प्राप्त गरेको,

(४) कुनै पनि विभागीय सजाय नपाएको,

(५) सम्पत्ति विवरण नियमित रुपमा पेश गरेको,

(६) निजको नाममा व्यक्तिगत बेरुजू नरहेको,

(७) पुरस्कारका लागि सिफारिस हुने वर्षमा अध्ययन विदा र असाधारण विदा नलिएको ।

(२) स्थानीय तहमा छ महिनाभन्दा बढी समयदेखि उत्कृष्ट कार्यसम्पादन गर्ने कर्मचारीलाई स्थानीय सरकारले प्रोत्साहन पुरस्कार दिन सक्नेछ।

५. **पुरस्कार सिफारिसको सीमाः** स्थानीय तहमा स्थायी वा करारद्वारा पदपूर्ति भएका कर्मचारीहरुको दरबन्दी रहेको कार्यालयमा न्यूनतम ५०% पदपूर्ति भएको हुनुपर्नेछ ।

६. **सिफारिस समितिः** (१) पुरस्कारको लागि सिफारिस गर्न देहाय बमोजिमको सिफारिस समितिरहनेछः-

| | | |
|---|---|---|
| १. | प्रमुख प्रशासकीय अधिकृत | संयोजक |
| २. | योजना अधिकृत | सदस्य |
| ३. | कार्यपालिका सदस्य मध्ये कार्यपालिकाबाट मनोनित २ जना | सदस्य |
| ४. | प्रशासन शाखा प्रमुख | सदस्य सचिव |

(२) समितिले बैठक सम्बन्धी कार्यविधि आँफै निर्धारण गर्न सक्नेछ ।

(३) समितिको सचिवालय हरिनास गाउँपालिका कार्यालय, स्याङ्जामा रहनेछ ।

७. **पुरस्कारको सिफारिस तथा निर्णयः** (१) पुरस्कारको लागि सिफारिस गर्दा देहाय बमोजिमको प्रक्रिया अपनाउनु पर्नेछः

(क) पुरस्कारको लागि सिफारिस गरिने कर्मचारी कार्यरत कार्यालय प्रमुखले अनुसूची-१ बमोजिमको फाराम सम्बन्धित कर्मचारीबाट भराई विवरण प्रमाणित हुने कागजात संलग्न राखी प्रमाणित गरी राख्न पर्नेछ ।

(ख) समितिले प्राप्त सिफारिस र प्रस्तावित पुरस्कार समेत विचार गरी उपयुक्त ठहराएको कर्मचारी र उपयुक्त ठहराएको पुरस्कार सिफारिस गरी कार्यपालिकामा पेश गर्नुपर्नेछ ।

(२) स्थानीय सरकारले समितिबाट प्राप्त पुरस्कृतका लागी सिफारिस भएका कर्मचारीहरुको नामावली अध्ययन गरी कार्यपालिकाको बैठकबाट अनुमोदन गरी उपयुक्त कर्मचारीलाई उपयुक्त पुरस्कार दिने निर्णय गर्न सक्नेछ ।

८. **पुरस्कार वितरणः** (१) पुरस्कारका लागि आवश्यक रकम स्थानीय तहबाट सालबसाली बजेटमा व्यवस्था गरिनेछ ।

(२) प्रत्येक वर्ष कार्यपालिकाको बैठकबाट निर्णय भए बमोजिमको उपयुक्त समयमा वितरण गरिनेछ ।

९. **कार्यविधि शंसोधनः** यस कार्यविधिमा आवश्यक परिमार्जन गर्न बाञ्छनिय देखिएमा कार्यपालिकाको निर्णयबाट शंसोधन गर्न सकिने छ ।

१०. **बाधा अड्काउ फूकाउन सक्नेः** यस कार्यविधिको कार्यान्वयका सन्दर्भमा कुनै बाधा उत्पन्न भएमा कार्यपालिका बैठकबाट त्यस्तो बाधा अड्काउ फूकाउन निर्णय गर्न सकिने छ ।

## अनुसूची-१
### (दफा ७ को उपदफा (१) को खण्ड (क) सँग सम्बन्धित)

### स्थानीय निजामती सेवा पुरस्कारको लागि सम्भाव्य कर्मचारीले भर्ने फाराम

मैले देहाय बमोजिमको विवरण र पुष्टयाई गर्ने प्रमाणित कागजात सहित स्थानीय निजामती सेवा पुरस्कारकोसिफारिसका लागि पेश गरेको छु ।

१. कर्मचारीको नाम, थर: संकेत नं.:
२. हालको पद: कार्यरत कार्यालय:
३. निजामती सेवाको स्थायी पदमा प्रवेश गरेको मिति:
४. स्थानीय सरकारको सेवामा प्रवेश गरेको मिति:
५. भौगोलिक अनुभव:
६. निजामती सेवामा ……वर्ष काम गरिसकेको छु। स्थानीय सरकार मातहत…..वर्ष सेवा गरिसकेको छु ।
७. मैले विभागीय सजाय पाएको छैन ।
८. सम्पती विवरण नियमित रुपमा पेश गरेको छु ।
९. मेरो नाममा व्यक्तिगत बेरुजू छैन ।
१०. मैले असाधारण विदा लिएको छैन। मैले मिति………… मा……दिन असाधारण विदा लिएको छु ।
११. मैले अध्ययन विदा लिएको छैन। मैले मिति…………… मा…..दिन अध्ययन विदा लिएको छु ।
१२. म गयल कट्टीमा परेको छैन ।
१३. मेरो नाममा प्रशासनिक र असुल उपर गर्नु पर्ने बेरुजू छैन ।
१४. मैले हालसम्म सरुवा हुँदा नियमानुसार बरबुझारथ गरेको छु ।

उक्त व्यहोरा सत्य हो । पुरस्कारको लागि सिफारिस भएमा पुरस्कृत भएपछि पनि उक्त व्यहोरा झुठा ठहरे पुरस्कार फिर्ता गर्नका साथै कानून बमोजिम सजाय व्यहोर्ने छु ।

**निवेदक:**
दस्तखत:
कर्मचारीको नाम, थर:
मिति:

देहायका आधारमा निवेदक कर्मचारी............................लाई पुरस्कारको लागि सिफारिस गरेको छुः-

(क)

सम्बन्धित कार्यालयको प्रमुखको
दस्तखतः
दर्जा, नामथरः
मितिः

कार्यालयको छाप

आज्ञाले,
प्रमुख प्रशासकीय अधिकृत